# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७ ) काठमाडौं, माघ १२ गते २०४४ साल ( अतिरिक्ताङ्क ५३ (ख)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना १

सम्माननीय स्वास्थ्य मन्त्री श्री गुन्जेश्वरीप्रसाद सिंह बेलायतमा हुने एड्स सम्बन्धी रोकथाम कार्यक्रमको लागि हुने समिटमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँले सम्हाली आउनुभएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय आपूर्ति मन्त्री श्री परशुनारायण चौधरीले सम्हाल्नु हुनेछ ।

### सूचना २

सम्माननीय कृषि र कानून तथा न्याय मन्त्री श्री हरिनारायण रजौरिया इटालीको राजधानी रोममा हुने अन्तर्राष्ट्रिय कृषि विकास कोषको गभर्निङ काउन्सिलको एघारौं बैठकमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको कृषि र कानून तथा न्याय मन्त्रालयहरूको कार्यभार सम्माननीय निर्माण तथा यातायात र सञ्चार मन्त्री श्री हरिबहादुर बस्नेतले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६८